# भोटेकोशी गाउँपालिकाको आर्थिक वर्ष
# २०७६/०७७ को अर्ध वार्षीक समीक्षा

भोटेकोशी गाउँपालिका
फुलिपङकट्टी, सिन्धुपाल्चोक
३ नं. प्रदेश, नेपाल
२०७३


भोटेकोशी गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

फुलिपङकट्टी, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

भोटेकोशी गाउँपालिका
फुल्पिङकट्टी, सिन्धुपाल्चोक
३ नं. प्रदेश, नेपाल
२०७३

# विषयसूची

१. पृष्ठभूमी : .......... 3

२. सूचना प्रविधि शाखा : .......... 3

३. नापी शाखा : .......... 5

३. पशुसेवा शाखा : .......... 5

४. कृषि शाखा : .......... 6

५. शिक्षा शाखा : .......... 7

६. स्वास्थ्य शाखा : .......... 10

७. योजना तथा प्राविधिक शाखा : .......... 11

८. अध्यक्ष ज्यूको कोष : .......... 12

९. आर्थिक प्रशासन शाखा : .......... 13

१०. पुनर्निर्माण तर्फ : .......... 14

११. अन्य : .......... 14

१२. निष्कर्ष : .......... 15

## १. पृष्ठभूमी :

मिति २०७६/०३/२४ गते बसेको गाउँसभा बैठकको निर्णयानुसार विनियोजित बजेट अनुरुप योजना र कार्यक्रमहरु कार्यान्वयनमा रहेका छन् । सभाको म्यान्डेट बमोजिमनै चैत्र मसान्त भित्र योजना सम्पन्न गर्ने उद्देश्य अनुसार गाउकार्यपालिकाको कार्यालयबाट काम भईरहेको छ । श्रावण महिना देखि आश्विन महिना सम्म आर्थिक प्रशासन शाखाको जिम्मेवारी यस गाउँपालिकाको कुनै कर्माचारीलाई कोष तथा लेखा नियन्त्रक कार्यालयबाट अनुमति प्राप्त नहुदा तथा महालेखा नियन्त्रक कार्यालयबाट समेत कर्मचारी नखटाइदिदा कार्यालयको आर्थिक प्रगति पहिलो चौमासिक सम्म प्राय शुन्य अवस्थामा रहेको थियो जसले गर्दा आर्थिक प्रगति र भौतिक प्रगतिको ग्याप बढ्न गएको छ ।

यस आ.व को ६ महिना व्यतित हुदा सम्म गाउँकार्यपालिकाको कार्यालयको आर्थिक प्रगति २७.७४ प्रतिशत रहेको छ । सोही समयमा भौतिक प्रगति ६० प्रतिशत पुगेको छ । गाउपालिकाको लक्ष्य एवं प्रगतिलाइ द्रुत गतिमा लैजानको लागि थप दुई जना प्राविधिक कर्मचारीको व्यवस्थापन गरी काममा गुणस्तरीयता कायम गर्ने थालनीको सुरुवात समेत भईसकेको छ ।

विगतका आ.व मा पुजीगत रकम खर्च नहुने परिपाटीलाई मध्यनजर गरी यस आ.व २०७६/०७७ लक्ष्य अनुरुपनै सम्पूर्ण पूजिगत खर्च गर्न गाउकार्यपालिकाको कार्यालयले योजना मुताविक हाल सबै वडाहरूमा काम गरिरहेको छ ।कर्मचारीको अभाव तथा उपभोक्ता समितिको गठनमा भएको ढिलाईका कारण योजना सम्झौता समयमानै हुन नसकेको हुदा योजना सम्पन्न गर्ने कार्य सोच अनुरुप हुन सकेको छैन ।

गाउपालिकाको समग्र प्रगति विवरण कार्यपालिका मार्फत गाउँसभाका सम्पूर्ण सदस्यहरुलाइ जानकारी गराउनुपर्ने कार्यालयको दायित्व रहेको तथा आर्थिक अनुशासनलाई कायम गर्न यस आ.व २०७६/०७७ को अर्धवार्षिक प्रगति प्रतिवेदन तपशील वमोजिम रहेको छ । साथै यस. प्रतिवेदनको सम्बन्धमा सम्पूर्ण कार्यपालिकाका सदस्य ज्यूहरू, गाउँसभाका सदस्य ज्यूहरु, कर्मचारी वर्ग र नागरिक समाजका सदस्यहरुको सुझावको अपेक्षा राखेको छु ।

भोटेकोशी गाउँपालिका
फुल्पिङकट्टी, सिन्धुपाल्चोक
३ नं. प्रदेश, नेपाल
२०७३

## २. सूचना प्रविधि शाखा :

| हाल सम्म भएका कार्यको प्रगति विवरण | |
|---|---|
| क्र.स. | विवरण |
| १ | गाउँपालिकाको कार्यालयमा ईन्टरनेट सेवा सुविधाको पहुँच । |
| २ | एस.एम.एस. प्रणालीको उपयोग । |
| ३ | ई-हाजिरीको प्रभावकारी रुपमा संचालन । |
| ४ | गाउँपालिकाको वेभसाइट अद्यावधिक भएको । |



प्रशासकीय अधिकृत

| | |
|---|---|
| ५ | कार्यालयमा आएका सुचनाहरुलाई छिटो छरितो रुपमा वडा कार्यालय र जनप्रतिनिधिज्यूहरुलाई आवश्यक जानकारी गराएको र कार्यालयबाट दिनुपर्ने जानकारी तथा सूचना छिटो छरितो रुपमा प्रदान गरिएको । |
| ६ | सूचना प्रविधि सम्बन्धि कार्यालयमा प्रयोगमा भएका फोटोकपी मेसिन, प्रिन्टर, कम्प्युटर, ई–हाजिरी मेसिनहरुको आवश्यक मर्मत भएको । |
| ७ | सामाजिक सञ्जाल जस्तै वेभसाईट, फेसबुक, ट्वीटर, युट्युब, पत्रिका, रेडियो मार्फत गाउँपालिकाले गर्ने कार्य र प्रगति विवरण बारे जनता समक्ष जानकारी गराएको । |
| ८ | सामाजिक सुरक्षा भत्ताको अनलाईन डाटा ईन्ट्रि भईरहेको । |
| ९ | सम्पूर्ण वडाहरुको व्यक्तिगत घटना दर्ताको अभिलेख राखिएको । |
| १० | फ्लेक्स बोर्डको डिजाईन गरी सबै वडाहरुमा जाने बाटोमा राखी पर्यटन प्रवद्र्धन तथा प्रचारप्रसार भएको । |
| ११ | व्यवसाय दर्ता, घ वर्गको इजाजत पत्र, जेष्ठ नागरिक अपाङ्ग कार्ड ईन्ट्रि तथा वितरण कार्य सफ्टवेर मार्फत भईरहेको । |
| १२ | गाउँपालिकामा भएका विभिन्न कार्यक्रममा सक्रिय सहभागीता एवं आवश्यक सहयोग गरिएको । |
| **आगामी दिनमा गरीने कार्यको संक्षिप्त विवरण** | |
| **क.स.** | **विवरण** |
| १ | गाउँपालिका अन्तरगतका वडा कार्यालयहरुमा टेलिफोन, इन्टरनेटको सुविधा जडान कार्य भईरहेको । |
| २ | गाउँपालिकाको आफ्नै प्रोफाईल र मोबाईल एप्लिकेशनको विकासको तयारी भईरहेको । |
| ३ | गाउँपालिकाका कर्मचारीहरुलाई आवश्यक व्यक्तिगत घटना दर्ता, सामाजिक सुरक्षाभत्ता र ICT (सूचना तथा संचार प्रविधि) सम्बन्धि ज्ञान तथा सीप हस्तान्तरण गर्न तालिमको व्यवस्था गर्ने । |
| ४ | गाउँपालिकामा सि.सि.क्यामेरा, डिजिटल नोटिस बोर्डको व्यबस्था गर्ने । |
| ५ | आवश्यक सुचना तथा संचार प्रविधि प्रयोग गरी विद्युतीय शासन e-governance सफ्टवेयर/प्रणालीको प्रयोग गर्ने ।<br>जस्तैः–<br>• Personnel Information System (व्यक्तिगत सुचना प्रणाली)<br>• Inventory Management System (जिन्सी व्यवस्थापन प्रणाली)<br>• Letter Management System (दर्ता/चलानी व्यवस्थापन प्रणाली) |
| | |

भोटेकोशी गाउँपालिका
फुल्पिङकट्टी, सिन्धुपाल्चोक
३ नं. प्रदेश, नेपाल
२०७३

प्रमुख प्रशासकीय अधिकृत

## ३. नापी शाखा :

| हाल सम्म भएका कार्यको प्रगति विवरण | |
|---|---|
| क्र.स. | **२०७६।०९।०१ गते देखि २०७६।१०।२२ गते सम्मको विवरण** |
| १ | वडा नं ४ पन्थलीमा सार्वजनिक र नीजि जग्गा छुट्टाउने कार्य सम्पन्न भएको । |
| २ | गाउँपालिकामा आगामी दिनमा बन्ने १५ शैयाको अस्पतालको जग्गा छुट्टाउने कार्य सम्पन्न भएको । |
| ३ | निर्माणाधिन वडा नं ५ कार्यालय भवनको जग्गा कित्तकाट तथा नक्शांकनको कार्य सम्पन्न भएको । |
| ४ | नया बस्तीको विस्थापित नागरिकको जग्गाको रेखाङ्कन गरिएको । |
| ५ | भिमसेन मा.वि को निर्माण हुन लागि रहेको खेल मैदानको जग्गा एकिन गरिएको । |
| ६ | ३ नं वडामा रहेका ३६ घर परिवार विस्थापितको जग्गाको कित्ताकाट सम्पन्न भएको । |
| ७ | ४ नं वडामा पर्ने फुल्पिङ्गकट्टीको सार्वजनिक र निजी जग्गा छुट्टाउने कार्य सम्पन्न भएको । |
| ८ | ५ नं वडामा पर्ने अन्थलिको सार्वजनिक र नीजि छुट्टाउने कार्य सम्पन्न भएको । |
| ९ | निर्माणाधीन गाउपालिकाभवनको जग्गा एकिन गरिएको । |

## ३. पशुसेवा शाखा :

पशु सेवा प्रसार कार्यक्रम व्यवासायीक तथा निजी पशुपालक कृषक हरुको माग बमोजिमको विभिन्न रोगको उपचार सेवा कार्यक्रम सञ्चान भएको ।

| क्र.स. | पशुको जात | संख्या |
|---|---|---|
| १ | बाख्रा | २१० |
| २ | गाई / भैसी | ४५ |
| ३ | चौरी | ११० |
| ४ | कुखुरा | २३५ |
| जम्मा | | ६०० |

गोल्छेकोशी गाउँपालिका
फुल्पिङकट्टी, सिन्धुपाल्चोक
३ नं. प्रदेश, नेपाल
२०७३

१. हिउदे घाँस (जै) विउ कृषकलाई वितरण ।
२. घुम्ती गोठको लागि त्रिपाल वितरण तयारी अवस्थामा रहेको ।
३. युवालक्षित बाख्रा प्रवर्द्धन कार्यक्रम सुचना टाँस गरी सबै वडा बाट आवेदन लिई दर्ता भइरहेको ।
४. पशु नश्ल सुधार तथा प्रजनन् केन्द्र स्थापनाका लागि बोका वितरण कार्यक्रम अनुसार आवेदन लिई दर्ता भईरहेको ।
५. याक वितरण कार्यक्रम अनुसार सुचना प्रकाशन भएको ।



प्रमुख प्रशासकीय अधिकृत

६. चौरी संरक्षण कार्यक्रम अनुसार आवेदन लिने कार्य भईरहेको।

७. व्यावसायिक कृषि तथा पशुपालन फर्म दर्ता तथा नविकरण हालसम्म २१ वटा भएको।

## ४. कृषि शाखा :

| क्र.स | प्रगति विवरण |
|---|---|
| १. | माटो परिक्षण तथा सुधार कार्यक्रम |
| २. | कृषि चुन वितरण कार्यक्रम |
| ३. | व्ययबसायिक प्राङ्गारिक तरकारी तथा फलफूल तालिम सम्पन्न |
| ४. | सिंचाई कार्यक्रममा ड्रम खरिद कार्यक्रम सम्पन्न |
| ५. | माटो परीक्षण मेसीन खरीद |

प्राङ्गारिक तरकारी उत्पादनको लागि प्लाष्टिक घर (टनेल) वितरण कार्यक्रम :

| वडा नं. | समाग्रीको नाम | वितरण भएको टनेलको संख्या | कैफियत |
|---|---|---|---|
| १ | प्लाष्टिक घर(टनेल) | ४ | |
| २ | प्लाष्टिक घर(टनेल) | - | |
| ३ | प्लाष्टिक घर(टनेल) | ४ | |
| ४ | प्लाष्टिक घर(टनेल) | ३ | |
| ५ | प्लाष्टिक घर(टनेल) | १० | |

भोटेकोशी गाउँपालिका
फुल्पिङकट्टी, सिन्धुपाल्चोक
३ नं. प्रदेश, नेपाल
२०७३

प्रमुख प्रशासकीय अधिकृत

## ५. शिक्षा शाखा :

यस भोटेकोशी गाउँपालिकाको कार्यालय शिक्षा शाखाको तर्फबाट आर्थिक वर्ष ०७६।०७७ को स्वीकृत कार्यक्रमहरु अनुसार शिक्षा क्षेत्रको विकास र विस्तारका लागि गरिएका कार्यरुको प्रगति विवरण तपशील वमोजिम रहेको छ ।

तपशीलः

भोटेकोशी गाउँपालिका
फुल्पिङकटी, सिन्धुपाल्चोक
३ नं. प्रदेश, नेपाल

| कार्यहरु | उपलब्धि |
|---|---|
| १. नियमित अनुगमन र सुझाव | विद्यालयहरुमा स्थलगत अनुगमन तथा सुपरिवेक्षण गरी आवश्यक सल्लाह,सुझाव दिई शैक्षिक सुशासन कायम राखी सिकाइ उपलव्धी बृद्वि गर्न आवश्यक सहजीकरण गर्ने काम भएको । |
| २.अन्तिम लेखा परीक्षण | यस पालिकाभित्र सञ्चालित सामुदायिक विद्यालयहरुको आ.व. ०७५।०७६ को अन्तिम लेखा परीक्षण गर्न दर्तावाला लेखा परीक्षकहरु र विद्यालयको नामावलि छनौट गरी पठाइएको र लेखा परीक्षणको काम अन्तिम चरणमा पुगेको । |
| ३.नियमित प्र.अ. वैठक वसी आगामी दिनको रणनीति तयारी | नियमित प्र.अ. वैठकमा मासिक प्रगति विवरण सहितको प्रतिवेदन पेश गरी शैक्षिक गुणस्तर अभिवृद्वि गर्न आवश्यक छलफल र बहस गरी निष्कर्षमा पुग्ने गरिएको । |
| ४. प्रथम चौमासिक दिवा खाजाको रकम निकासा गरिएको | लक्षित विद्यार्थीहरुले खाजाको सुविधा पाएको |
| ५. शिक्षक तथा कर्मचारीहरुको प्रथम तलव निकासा | विद्यालयका शिक्षक तथा कर्मचारीहरुले त.भ. प्राप्त गरी आफ्ना आधारभूत आवश्यकता पूरा गर्न सकेको । |
| ६. राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सुसम्पन्न | विद्यार्थीहरुका चौतर्फी र सर्वाङ्गीण वृति विकासमा मद्वत मिलि अन्तरनिहित क्षमताको प्रस्फुटन गर्ने मौका मिलेको । |
| ७. विषयगत समिति गठन गरी नमूना कक्षा प्रदर्शन तथा नमुना परीक्षा सञ्चालन गर्ने काम भएको | सम्वन्धित विषय शिक्षणको क्रमम आइपर्ने समस्याहरु पत्ता लगाई सुधारात्मक शिक्षण गरी सिकाइ उपलब्धि दरलाई बृद्धि गर्न मदत मिलेको । |
| ८. शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा प्रकाशित कार्यक्रम कार्यन्वयन पुस्तिकाको अनुसूची १३ बमोजिम यस शैक्षिकसत्र ०७५ को एस्.ई.ई मा यस | आगामी SEE परीक्षामा GPA कम भएका विद्यालयहरुले पनि GPA बृद्धिको लागि आवश्यक शैक्षिक क्रियाकलाप गर्ने छन् भनी अपेक्षा राखिएको |



प्रमुख प्रशासकीय अधिकृत

| | |
|---|---|
| पालिकाको उत्कृष्ट सिकाइ जि.पि.ए. ल्याउने कोदारी माध्यमिक विद्यालयका् भाइबहिनीहरुलाई भोटेकोशी गा.पा. को चौथो गाउंसभमा नगद र खादा द्वारा पुरस्कृत गरिएको | । |
| ९. ICT, Science Lab र Wash सहितको शौचालय कार्यक्रम वितरण | बदि्लदो समय र परिस्थिति अनुसारको शिक्षा पाई शैक्षिक गुणस्तरमा बृद्धि हुने । |
| १०. यस पालिका भित्र सञ्चालित ५ नमूना विद्यालयहरुबाट ६ जना शिक्षक छनोट गरी वेस्ट मण्टेश्वरी ट्रेनिङ सेन्टरबाट दिइरहेको तालिममा सहभागी हुन पठाइएको । | जग बलियो भए घर बलियो हुन्छ भने झै, प्रारम्भिक तहदेखि नै शिक्षाको जग बलियो भई भविष्यमा यस पालिकाबाट राज्यको कुनै पनि तह तप्कामा पुग्न सक्ने दक्ष र सुयोग्य जनशक्तिको उत्पादन हुने विश्वास लिइएको । |
| ११. शैक्षिक क्यालेन्डर २०७६ तयार गरी सबै विद्यालयमा पुराइएको । | सबै विद्यालयहरुमा गरिने शैक्षिक तथा शैक्षिक इत्तर कार्यक्रमहरुमा एक रुपता र समानता आएको ।. |
| १२ दैनिक पाठयोजना डायरी निर्माण गरी सबै विद्यालयहरुमा पुराइएको । | शिक्षकवर्गमा योजनाबद्ध र आत्मविश्वासका साथ शिक्षण गर्न मदत मिलेको । |
| १३. यस पालिकाको ठोस शैक्षिक नीति तय गरी कार्यान्वयन गर्न यही यही मिति २०७६।०३।०२ र ०३ गते बृहत शैक्षिक सम्मेलन सुसम्पन्न गरिएको । | यस पालिकाको शैक्षिक गुणस्तर बृद्धि गर्न मद्दत मिल्दै गएको । |
| १४.शून्य दरबन्दी भएका मा.वि..हरुको आवश्यकता पहिचान गरी विषयगत शिक्षकहरुको दरबन्दी माग पत्र शिक्षा विकास तथा समन्वय इकाई सि.पा. चौतारामार्फत शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा पठाइएको । | शिक्षा ऐन तथा नियमावली अनुसार शिक्षक, विद्यार्थी अनुपात मिल्न गई यस पालिकाको शैक्षिक गुणस्तर बृद्धि गर्न मदत मिल्ने छ । |
| १५.विपन्न लक्षित छात्रवृत्ति सम्बन्धी ८–१२ चलेको विद्यालयहरुलाई अफलाइन फर्म भर्न र अनलाइन अपलोड गर्न अभिमुखीकरण गरिएको । | यस पालिकाको शैक्षिक गुणस्तर बृद्धि गर्न मदत मिल्ने छ । |
| १६.तहगत शिक्षकहरुको आ.व.०७६।०७७ को नपुग त.भ. तयार गरी शिक्षा विकास तथा समन्वय इकाई सिपा चौतारामार्फत शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा पठाइएको । | यस पालिकाको शैक्षिक गुणस्तर बृद्धि गर्न मदत मिल्ने छ । |
| १७. यस पालिकाभित्र सञ्चालित सामुदायिक विद्यालयका विद्यार्थी भाइबहिनीहरुलाई विद्यालय पोशाकको रुपमा ट्र्याक सुटलाई प्रयोग गर्न सहजीकरण गरिएको। | सबै विद्यालयहरुमा प्रयोगमा आइसकेको .। |

| | |
|---|---|
| १८. २०७६ पौष ९ र १० विद्यार्थी भाइबहिनीहरुमा नैतिक ज्ञानको विकास गराउने हेतुले स्काउटिङ विकास र बिस्तार सम्बन्धी तालिम सञ्चालन गरिएको । | विद्यार्थी भाइबहिनीहरुमा नैतिक शिक्षाको बोध भई विद्यालयमा सुशासन कायम गर्न मदत मिलेको । |
| १९. २०७६ पौष १८ र १९ गते प्रारम्भिक बालविकास शिक्षाका शिक्षकहरुलाई पेशागत विकास तालिम सञ्चालन गरिएको । | तालिम प्राप्त शिक्षकहरुबाट विद्यार्थी भाइबहिनीहरुले सिक्न पाउँदा साविकको सिकाइ उपलब्धिमा बृद्धि हुने आशा गरिएको । |
| २०. २०७६ पौष २५ र २६ गते प्राथमिक तहमा अध्यापनरत शिक्षकहरुको पेशागत विकास तालिम सञ्चालन गरिएको । | तालिमप्राप्त शिक्षकहरुबाट विद्यार्थी भाइबहिनीहरुले सिक्न पाउँदा साविकको सिकाइ उपलब्धिमा बृद्धि हुने आशा गरिएका |
| २१. यही मिति २०७६।१०।२८ देखि २०७६।११।०५ सम्म पालिका स्तरीय विद्यार्थी भाइबहिनीहरुको चित्रकला प्रतियोगिता तातोपानी आ.वि. मा हुन गईरहेको । | विद्यार्थीहरुको चौतर्फी र सर्वाङ्गीण विकासमा सहयोग पुराउनेछ । |
| २२. जिल्ला आयोजना कार्यान्वयन इकाई (शिक्षा) चौताराको मिति २०७६।१०।२१ च.नं. ९४ को प्राप्त पत्रानुसार यस पालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरुमा आवश्यकता र प्रथामिकताको आधारमा खानेपानी व्यवस्थापन र शौचालय निर्माण कार्यक्रम छनोट गरी सिफारिस गरी पठाइएको । | विद्यार्थीहरुको पहुँचमा पिउने शुद्ध पानी र शौचालयको सुविधा प्राप्त हुनेछ । |
| २३. ५ नमुना विद्यालयमा चिनियाँ भाषाको पठनपाठन सुरु गर्न चिनियाँ भाषाको शिक्षक करारमा नियुक्ति गर्न प्रक्रिया अगाडि बढाइएको । | चिनियाँ भाषाको ज्ञान भएपछि यस पालिकामा छिमेकी मित्र राष्ट्र चिन प्रवेश गर्ने तातोपानी नाका रहेकोले विद्यार्थी भाइबहिनीहरुलाई भविष्यमा सजिलै रोजगारको अवसर मिल्ने आशा गरिएको । |

भोटेकोशी गाउँपालिका
लिपिङकट्टी, सिन्धुपाल्चोक
३ नं. प्रदेश, नेपाल
२०७३

प्रमुख प्रशासकीय अधिकृत

## ६. स्वास्थ्य शाखा :

हाल स्वास्थ्य शाखामा सञ्चालन तथा सम्पन्न भईरहेको कार्यक्रमहरु:

- अपाङ्ग परिचय-पत्र बितरण ।
- साधारण परीक्षणको लागि बाह्रबिसे तथा धुलिखेल र काठमाण्डौ जानु पर्ने वाध्यता रहेको हुनाले प्रयोगशालाको लागि बागमती प्रदेश सरकारमा आवश्यक उपकरण र कर्मचारी माग गरिएको ।
- □१५ बेड अस्पतालको लागि प्रक्रिया अघि बढेको ।
- □भोटेकोशी गाँउपालिकाका पाँचै वटा वडाहरुका गर्भवती तथा सुत्केरीलाई गर्भ जाँच प्रोत्साहनका लागि अण्डा, झण्डा, हात धुने साबुन, लुगा धुने साबुन, आयोडिनयुक्त नुन तथा पोषिलो र प्रोटिन युक्त गेडागुडीहरु लगाएत १ धार्नी ध्यू बितरण गर्ने कार्य भइरहेको ।
- □क्षयरोगको चौमासिक गोष्ठी सञ्चालन, अर्धबार्षिक गोष्ठी सञ्चालन र मासीक बैठक नियमित रुपमा सञ्चालनमा रहेको ।
- □नोवेल कोरना भाईरसको लागि स्वास्थ्य डेक्स कार्यक्रम सञ्चालन ।
- □पोषण कर्नर ।
- □पुरुषलाई पोषण (बाबालाई चिठ्ठी) कार्यक्रम सञ्चालनमा रहेको ।
- □किशोर किशोरीमैत्री स्वास्थ्य कार्यक्रम सञ्चालन ।
- □परिवार योजना कार्यक्रम सञ्चालन ।

उपलब्धीहरु :

- □बिभिन्न संक्रामक रोगहरुको समयमानै उपचार र रोकथाम ।
- □काङ्गलाङ्ग सामुदायिक भवनको जग्गा पास ।
- □बिपन्न नागरीक औषधी उपचार कोषबाट १० जनालाई सिफारिस ।
- □महिला स्वास्थ्य स्वंयमसेविका तथा स्वास्थ्य कर्मीहरुको नेपाल बंगलादेश बैंकमा खाता खोलि बैकिङ प्रणाली मार्फत सेवा सुविधाको भुक्तानि सुरु भएको ।
- □हालसम्मको मासिक रिपोर्ट १००% भइरहेको ।

भोटेकोशी गाउँपालिका
फुल्पिङकट्टी, सिन्धुपाल्चोक
३ नं. प्रदेश, नेपाल
२०७३

प्रमुख प्रशासकीय अधिकृत

## ७. योजना तथा प्राविधिक शाखा :

आ.व. २०७६/०७७ को स्वीकृत कार्यक्रमकको परिधि भित्र रही विकास निर्माणलाई गति प्रदान गर्नको लागि यस आर्थिक बर्षको पहिलो ६ महिना सम्मको योजना तथा प्राविधिक शाखाको समग्र प्रगति विवरण तपशील बमोजिम रहेको छ ।

| विवरण | जम्मा योजना | ल.ई. भएको | सर्भे बाकी | ल.ई. बाकी | सम्पन्न | बाँकी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| वडा नं. १ | 14.00 | 13.00 | 1.00 | 1.00 | 10.00 | 4.00 | कार्य भैरहेको |
| वडा नं. २ | 24.00 | 22.00 | 2.00 | 3.00 | 11.00 | 12.00 | |
| वडा नं. ३ | 19.00 | 15.00 | 4.00 | 4.00 | 7.00 | 12.00 | |
| वडा नं. ४ | 39.00 | 29.00 | 10.00 | 11.00 | 23.00 | 16.00 | |
| वडा नं. ५ | 35.00 | 18.00 | 13.00 | 17.00 | 6.00 | 29.00 | |
| **जम्मा** | **131.00** | **97.00** | **30.00** | **36.00** | **57.00** | **74.00** | |
| पुर्वाधार गाँउपालिका तर्फ | 18 | 8 | 10 | 10 | 0 | 18 | |
| गा.पा. भवन निर्माण | 1 | 1 | 0 | | | | कार्य भैरहेको |
| दशै अगाडी बाटो सफा गर्ने काम ५ बडामा | | | | | | | सम्पन्न भएको । |
| झो.पु. निर्माण | | | | | | | |
| करपीसेखोला झो.पु. | 1.00 | | | | | | फेव्रिशन कार्य भैरहेको र हाल साईटमा बायाँ तर्फ जग खनिसकेको दाँया साईटमा खन्ने कार्य भैरहेको । |
| घट्टेखोला झो.पु. | | | | | | | फेव्रिशन कार्य भैरहेको । |
| वन तथा वातावरण, | 6 | 2 | 4 | 4 | 2 | 2 | |
| | | | | | | | |

भोटेकोशी गाउँपालिका जलिम्बुकटी, सिन्धुपाल्चोक ३ नं. प्रदेश, नेपाल २०७३

प्रमुख प्रशासकीय अधिकृत

## ८. अध्यक्ष ज्यूको कोष :

आ.व. २०७६/०७७ को स्वीकृत कार्यक्रमकको परिधि भित्र रही गाउँसभाको म्यान्डेड अनुरुप अध्यक्ष ज्यूको कोषको प्रगति विवरण तपशील बमोजिम रहेको छ ।

| क्र.सं | योजनाको नाम | रकम | कैफियत |
|---|---|---|---|
| १ | नारायणथान प्रहरी चौकी मोटरबाटो मर्मत | २००००० | |
| २ | हीन्दी गोरेटोबाटो निर्माण | ५००००० | |
| ३ | दुमीथाङ सडक मर्मत | ३९८००० | |
| ४ | महाकाली देवी मन्दीर सत्तल निर्माण | २००००० | |
| ५ | तुसारे गोरेटो बाटो मर्मत | २००००० | |
| ६ | काङलाङ दलित समुदायको लागि सामाग्री खरीद | १५०००० | |
| ७ | फ्रण्डसीप युवा क्लव दुमिथाङ | १५०००० | |
| ८ | गुम्बा गोरेटो बाटो मर्मत वडा नं ४ | ३००००० | |
| ९ | राङवुसा सामुदायिक भवन निर्माण वडा नं २ | ५००००० | |
| १० | मुकतुक धारा | ३००००० | |
| ११ | पाउगुम्बा निर्माण (ज्याङतेर) | ५००००० | |
| १२ | दुमीथाङ खेलमैदान निर्माण | ८३७३९ | |
| १३ | आङछिरिङ शेर्पा कृषि पर्यटकीय सडक | ३५०००० | |
| १४ | टासीछ्योलिङ गुम्बा निर्माण | ३५०००० | |
| १५ | कालीदेवी आ.वी वडा नं १ | १०११३५ | |
| १६ | मण्टेश्वरी कक्षा कोदारी मा.वि | १७७९००० | |
| १७ | मण्टेश्वरी कक्षा झिर्पु मा.वि | १७७९००० | |
| १८ | चाकु ढल तथा खानेपानी निर्माण | २००००० | |
| जम्मा | | ७८६०८७४ | |

भोटेकोशी गाउँपालिका
फुल्पिङकट्टी, सिन्धुपाल्चोक
३ नं. प्रदेश, नेपाल
२०७३

प्रमुख प्रशासकीय अधिकृत

## ९. आर्थिक प्रशासन शाखा :

आ.व. २०७६/०७७ को आश्विन महिना सम्म यस गाउँपालिकामा कोष तथा लेखा नियन्त्रक कार्यालय र महालेखा नियन्त्रकको कार्यालयबाट आर्थिक प्रशासन शाखाको जिम्मेवारी कुनै कर्मचारीलाई नदिएको कारण आश्विन महिनासम्म कार्यालयको आर्थिक प्रगति शुन्य रहेको थियो । आश्विन महिनाको अन्त्यबाट आर्थिक प्रशासन शाखाको कर्मचारी महालेखा नियन्त्रक कार्यालयबाट तोकिए पश्चात यस आ.व.२०७६/०७७ को पहिलो ६ महिना सम्मको आर्थिक तथा वित्तीय प्रगती तपशील बमोजिम रहेको छ ।

- आ.व.२०७६/०७७ मा अनुमानित आन्तरीक आय १ करोड ५६लाख ५०हजार रूपैया मध्ये पौष मसान्त सम्म रु ८१ लाख ५८ हजार ३४७ रुपैया ७७ पैसा अर्थात ५२% लक्ष अनुसारको रकम संकलन भएको छ ।
- आ.व २०७६/०७७ मा संघीय सरकार, प्रदेश सरकार र भोटेकोशी गाउँपालिकाको लागि अनुमानित चालु खर्च तर्फ रु २२ करोड २६ लाख ८२ हजार ४८४ रुपैया मध्ये पौष मसान्त सम्म रु ६ करोड १५ लाख ९३ हजार ६२४ रुपैया ७५ पैसा अर्थात २७.६६% रकम मात्र खर्च भएको छ । शिक्षा, स्वास्थ्य तथा पूर्वाधार क्षेत्र विकास कार्यक्रम अन्तरगतको शसर्त अनुदान तर्फको रकम कम खर्च भई लक्षअनुरुप खर्च हुन सकेको छैन ।
- आ.व २०७६/०७७ मा अनुमानित पूजीगत तर्फ रु १८ करोड ७६ लाख ४३ हजार रुपैया मध्ये पौष मसान्त सम्म रु ५ करोड २० लाख ५० हजार १२९ रुपैया ९० पैसा अर्थात २७.७४% रकम मात्र खर्च भएको छ । भौतिक प्रगति लक्ष अनुरुपनै ६०% पुगी सकेको तर वित्तीय प्रगती लक्ष अनुरुप हुन सकेको छैन ।आ.व २०७६/०७७ को फाल्गुण मसान्तसम्म भौतिक प्रगति अनुरुपनै आर्थिक प्रगति हुने देखिएको छ ।

प्रमुख प्रशासकीय अधिकृत

१०. पुननिर्माण तर्फ :

मिति २०७२ बैशाख १२ को भुकम्पको कारण करीब ९०% भन्दा बढी भौतिक संरचनाको विनास भएको र सो को पुन निर्माण कार्य २०७२ सालमानै सुरु भएपनि यसले गति लिन नसेको हामीमाझ छर्लङ्ग छ । यद्धपी पछिल्लो समयमा यसले केही गति प्राप्त गरको छ । जसको फलस्वरुप गाउँपालिकाको हालसम्मको प्रगती तपशील बमोजिम रहेको छ ।

| ठेगाना | लाभग्राहीको संख्या | पुननिर्माण सम्पन्न | सर्टिपिकेट वितरण सम्पन्न | कैफियत |
|---|---|---|---|---|
| भोटेकोशी गा.पा | ४२३० | ३२३७ (७६.५%) | २५३४ (५९.९%) | |
| वडा नं १ | १०३९ | ८८२ (८४.९%) | ७८० (७५.१%) | |
| वडा नं २ | ७६१ | ५०३ (६६.१%) | ४१९ (५५.१%) | |
| वडा नं ३ | ४३२ | २८२ (६५.३%) | १७७ (४१%) | द्वारीका को कारण सम्पन्न प्रमाण पत्र वितरण गर्न नसकिएको । |
| वडा नं ४ | ११४० | ९१८ (८०.५%) | ६५४ (५७.४%) | |
| वडा नं ५ | ८५८ | ६५२ (७६%) | ५०४ (५८.७%) | ६० जना लाभग्राहीले शौचालय नबनाएको कारण सम्पन्न प्रमाण पत्र वितरण गर्न नसकिएको । |

११. अन्य :

आ.व. २०७६/०७७ का लागि गाउँसभाबाट बिनियोजित बजेट अनुसार प्रगती तपशील बमोजिम रहेको छ ।

- महिला क्षमता विकास कार्यक्रम अन्तर्गत महिला जनप्रतिनिधि सहित ३६ जना महिलाहरुलाई लैङ्गिक हिंसा बिरुद्ध ३ दिने सचेतनामुलक कार्यक्रम सञ्चालन गरिएको ।
- महिलाको क्षमता विकास अन्तर्गतनै ५६ जना महिलाहरुलाई ७ दिने पत्रकारीता तालिम प्रदान गरिएको ।

भोटेकोशी गाउँपालिका फुल्पिङकट्टी, सिन्धुपाल्चोक ३ नं. प्रदेश, नेपाल २०७३

प्रमुख प्रशासकीय अधिकृत

### १२. निष्कर्ष :

विकास निर्माण कार्यलाई जनताको माग र आकांक्षा बमोजिम गाउँसभाबाट विनियोजित बजेट अनुरुपका कार्यक्रमहरु सञ्चालन भएपनि कामको गतिमा सुस्तता देखिएको छ । आ.व. २०७६/०७७ को नीति, कार्यक्रम तथा बजेको मार्गचित्र र जनप्रतिनिधिहरुको लक्षलाई शिरोधार्य गरी काममा गति प्रदान गर्दै नियम कानुनको परिपालना सहित विकास कार्य अघि बढाउन सकेमा तोकिएको कार्य तोकिएकै समय भित्र सम्पन्न हुने देखिन्छ ।

भोटेकोशी गाउँपालिका
फुल्पिङकट्टी, सिन्धुपाल्चोक
३ नं. प्रदेश, नेपाल
२०७३

प्रमुख प्रशासकीय अधिकृत